# ४७ औ कार्यपालिका बैठक

आज मिति २०८१ साल चैत्र २७ बुधबार गते बडिगाड गाउँपालिका अध्यक्ष श्री गण्डकी थापा अधिकारी ज्यूको अध्यक्षतामा बडिगाड गाउँपालिका गाउँ कार्यपालिकाको ४७ औं बैठक तपसिल बमोजिमको कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारका प्रस्तावहरु उपर छलफल गरी निर्णय गरियो ।

| क सं | हस्ताक्षर | नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | | श्री गण्डकी थापा अधिकारी | अध्यक्ष | |
| २ | | श्री भिमसेन वन | उपाध्यक्ष | |
| ३ | | श्री बोम बहादुर थापा | वडा अध्यक्ष | |
| ४ | | श्री ढाल प्रसाद शेरचन | वडा अध्यक्ष | |
| ५ | | श्री खड्क बहादुर पुन | वडा अध्यक्ष | |
| ६ | | श्री मिलन रेश्मी | वडा अध्यक्ष | |
| ७ | | श्री विष्णु प्रसाद आचार्य | वडा अध्यक्ष | |
| ८ | | श्री विर बहादुर खत्री | वडा अध्यक्ष | |
| ९ | | श्री दिपेन्द्र प्रताप के सी | वडा अध्यक्ष | |
| १० | | श्री जंग बहादुर बलाल थापा | वडा अध्यक्ष | |
| ११ | | श्री कृष्ण बहादुर के सी | वडा अध्यक्ष | |
| १२ | | श्री विरेन्द्र कुमार बुढा | वडा अध्यक्ष | |
| १३ | | श्री चन्द्री रास्कोटी | सदस्य | |
| १४ | | श्री देवी कामी | सदस्य | |
| १५ | | श्री रुबिना थापा | सदस्य | |
| १६ | | श्री रुनमाया थापा | सदस्य | |
| १७ | | श्री तिपुरे सुनार | सदस्य | |
| १८ | | श्री शान्ते विश्वकर्मा | सदस्य | |
| १९ | | श्री मुक्ति पौडेल | सदस्य सचिव | |
| अन्य उपस्थिति | | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

२०८१।१२।२७ गते बुधबार

CamScanner

## ४७ औं कार्यपालिका बैठक

**प्रस्ताव तथा निर्णयहरु**

**१. समिक्षा सम्बन्धमा ।**

अघिल्लो बैठकको समिक्षा गरियो । अधिकांश निर्णयहरु कार्यान्वयन भएको र सन्तोषजनक नतिजा प्राप्तिको अवस्था रहेको पाइयो ।

**२. भू बर्गीकरण सम्बन्धमा ।**

बडिगाड गाउँपालिकाको स्थानीय भू उपयोग परिषदको निर्णयलाई अनुमोदन गर्दै स्थानीय भू उपयोगको कित्तागत बर्गीकरण सम्पन्न भइसकेकाले कित्ताकाट लगायतका विषय फुकुवा गर्ने निर्णय गरियो र सो सम्बन्धमा आवश्यक पत्राचार र समन्वय समेत गर्ने निर्णय गरियो।

**३. नापी तथा मालपोत सम्बन्धी कार्यक्षेत्र परिवर्तन सम्बन्धमा ।**

बडिगाड गाउँपालिका वडा नं ३ सिसाखानी अन्तर्गत रहेका केही भूगोलको भूमी तथा सम्बन्धी प्रशासनिक एवं प्राविधिक कार्य बागलुङ र अन्यको कार्य बुर्तिवाङबाट हुने गरेकोमा बडिगाड गाउँपालिका वडा नं ३ साविक सिसाखानी गा वि स पुर्ण भागको प्रशासनिक एवं प्राविधिक कार्य बुर्तिवाङ बाट नै हुने गरि व्यवस्था मिलाउन आवश्यक पहल तथा सिफारिस गर्ने निर्णय गरियो।

**४. पशु चिकित्सक सातौं को स्थायी नियुक्ति सम्बन्धमा ।**

प्रदेश लोकसेवा आयोग गण्डकी प्रदेश पोखराको विज्ञापन नं ७०१४।२०८०।८१ मा सिफारिस भइ प्रदेश लोकसेवा आयोग गण्डकी प्रदेश पोखराको मिति २०८१।१२।२० को सिफारिस पत्रानुसार स्थायी नियुक्तिको लागि बडिगाड गाउँपालिकामा स्थानीय कृषि सेवा भेटेरिनरी सातौं तह पशु चिकित्सक पदमा सिफारिस भएका शिव प्रसाद कंडेल तिलोत्तमा १६ रुपन्देहीलाई स्थायी नियुक्ति प्रदान गर्ने निर्णय गरियो ।

**५. व्याक हो लोडर अपरेटर नियुक्ति सम्बन्धमा ।**

बडिगाड गाउँपालिकामा रिक्त रहेको व्याक हो लोडर अपरेटर पदमा कार्यालयमा निवेदन प्राप्त भइ आएका दुर्गा बहादुर कुँवरलाई चालकको रुपमा सेवा करार गर्ने निर्णय गरियो।

**६. लागत साझेदारी प्रतिवद्धता तथा योजना माग गर्ने सम्बन्धमा ।**

भारतीय राजदुतावासबाट सञ्चालित हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना अन्तर्गत बडिगाड गाउँपालिकाको वडा नं ७ मा अवस्थित जनक आधारभूत विद्यालय भवन निर्माणका लागि तयार भएको विस्तृत परियोजना प्रतिवेदनको कुल लागतको पाँच प्रतिशतले हुन आउने रकम यस गाउँपालिकाले बहन गर्ने प्रतिवद्धता जनाउने निर्णय गरियो । साथै भारतीय राजदुतावासमा जनक आधारभुत विद्यालय भवन निर्माणको योजना माग गर्ने निर्णय गरियो ।

**७. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि बजेट साझेदारी सम्बन्धमा।**

गण्डकी प्रदेश सरकार अन्तर्गत नवप्रवर्तन साझेदारी कोषबाट सञ्चालन हुने गरि बडिगाड गाउँपालिकाको तर्फबाट पेश गर्ने प्रस्तावनामा उल्लेख भए बमोजिमको लागत अनुमानको पच्चिस प्रतिशतले हुन आउने रकम बराबरको लागत साझेदारीमा परियोजना कार्यान्वयन गर्ने निर्णय गरियो।

२०८१ चैत्र २७ गते बुधबार

CamScanner

## ४७ औं कार्यापालिका बैठक

८. नवपर्वर्तन साझेदारी कोष सञ्चालनका लागि कार्यक्रम कार्यान्वयन समिति गठन सम्बन्धमा।

नवप्रवर्तन साझेदारी कोष निर्देशिका २०७८ ले व्यवस्था गरे बमोजिम बडिगाड गाउँपालिकामा नवप्रवर्तन साझेदारी कार्यक्रम सञ्चालनका लागि प्रशासकीय अधिकृत श्री चण्डीराज पौडेलको संयोजकत्वमा कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो।

**९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको कार्यक्रम स्वीकृत सम्बन्धमा।**

बडिगाड गाउँपालिकाका लागि गण्डकी प्रदेश सरकारबाट विशेष अनुदानमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शिर्षकमा बिनियोजित रु बीस लाख बजेटलाई तपशिल बमोजिमका कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

तपशिल

| क्र सं. | कार्यक्रम | बजेट रु |
|---|---|---|
| सूचक नं १ | | |
| १ | लैंगिक समानता तथा सामाजिक समावेशिकरण कानूनी विषयमा जनप्रतिनिधि सरोकारवाला अभिमुखिरण | १५०००० |
| २ | लैंगिक समानता विषयमा महिला र किशोरीहरुको लागि सशक्तिकरण कार्यक्रम | १००००० |
| ३ | किशोरीहरुका लागि महिनावारी स्वच्छता र बालविवाह न्यूनीकरण सम्वन्धि अभिमुखिकरण | १००००० |
| ४ | लैंगिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धि लेखापरिक्षण GESI | २००००० |
| सूचक नं २ | | |
| १ | मोबाइल र सिमकार्ड खरिद | १०००० |
| २ | हेल्पडेस्क कम्प्युटर खरिद | १००००० |
| ३ | सम्पर्क बिन्दु स्थापना र सञ्चालन | ३०००० |
| सूचक नं ३ | | |
| १ | समावेशी विकासका लागि क्षमता विकास कार्यक्रम | १००००० |
| २ | जनप्रतिनिधिको लागि क्षमता विकास कार्यक्रम | १५०००० |
| ३ | विपद पुर्वतयारि तथा प्रतिकार्य र परियोजना का लागि सामाग्री खरिद | ५०००० |
| ४ | लक्षित वर्ग विशेष राहत वितरण | १००००० |
| ५ | लक्षित वर्गलाई आयमुलक र सिपमुलक कार्यक्रम | ३१०००० |
| ६ | लोकसेवा तथा शिक्षकसेवा तयारी कक्षा सञ्चालन | १००००० |
| सूचक नं ४ | | |
| १ | स्यानटरि प्याडको व्यवस्थापन | ५०००० |
| २ | स्तनपान कक्ष र बाल स्याहार केन्द्र स्थापना | ५०००० |
| ३ | सूचना तथा सन्देशमुलक सामाग्रि प्रकाशन | १००००० |
| सूचक नं ५ | | |
| १ | सेवाप्रदायक निकायसँग कार्यस्थल कार्यन्वयन अन्तरक्रिया कार्यक्रम | १००००० |
| २ | सेवाप्रवाह सम्वन्धि एकिकृत घुम्ति शिविर | १००००० |
| ३ | लैंगिक हिंसामा परेको बालवालिका राहत वितरण कार्यक्रम | ५०००० |
| ४ | स्वरोजगार तथा वैदेशिक रोजगारमा जाने महिलाहरुको अभिमुखिकरण | ५०००० |
| | जम्मा | २०००००० |

२०८१ चैत्र २७ गते बुधबार

CamScanner

४७ औं कार्यपालिका बैठक

१०.धानको बिउ खरिद सम्बन्धमा ।

बडिगाड गाँउपालिकामा चालु आर्थिक बर्ष २०८१।८२ को स्वीकृत कार्यक्रम अन्तर्गत ५०% अनुदानमा धानको बिउ वितरण गर्नका लागि कृषकको व्यापक मागका आधारमा शंकर ३१२ जातको उन्नत धानको बिउ खरिद गरि वितरण गर्ने निर्णय गरियो।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

२०८१ चैत्र २७ गते बुधबार

CamScanner

आज मिति २०८२ साल वैशाख ०३ गते बुधबार बडिगाड गाँउपालिका अध्यक्ष श्री गण्डकी थापा अधिकारी ज्यूको अध्यक्षतामा बडिगाड गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारका प्रस्तावहरु उपर छलफल गरी निर्णय गरियो।

| क्र सं | हस्ताक्षर | नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | | श्री गण्डकी थापा अधिकारी | अध्यक्ष | |
| २. | | श्री भिमसेन वन | उपाध्यक्ष | |
| ३. | | श्री बोम बहादुर थापा | सदस्य/वडा अध्यक्ष | |
| ४. | | श्री ढाल प्रसाद शेरचन | सदस्य/वडा अध्यक्ष | |
| ५. | | श्री खड्क बहादुर पुन | सदस्य/वडा अध्यक्ष | |
| ६. | | श्री मिलन रेश्मी | सदस्य/वडा अध्यक्ष | |
| ७. | | श्री विष्णु प्रसाद आचार्य | सदस्य/वडा अध्यक्ष | |
| ८. | | श्री बिर बहादुर खत्री | सदस्य/वडा अध्यक्ष | |
| ९. | | श्री दिपेन्द्र प्रताप के.सी. | सदस्य/वडा अध्यक्ष | |
| १०. | | श्री जंग बहादुर बलाल थापा | सदस्य/वडा अध्यक्ष | |
| ११. | | श्री कृष्ण वहादुर के.सी. | सदस्य/वडा अध्यक्ष | |
| १२. | | श्री विरेन्द्र कुमार बुढा | सदस्य/वडा अध्यक्ष | |
| १३. | | श्री चन्द्री रास्कोटी | सदस्य | |
| १४. | | श्री देवी कामी | सदस्य | |
| १५. | | श्री रबिना थापा | सदस्य | |
| १६. | | श्री रुनमाया थापा | सदस्य | |
| १७. | | श्री तिपुरे सुनार | सदस्य | |
| १८. | | श्री शान्ते विश्वकर्मा | सदस्य | |
| १९. | | श्री मुक्ति पौडेल | सदस्य सचिब | |
| अन्य उपस्थिति | | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

CamScanner

प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ छलफल तथा समिक्षा।

प्रस्ताव नं. १ माथि छलफल गरि अघिल्लो बैठकको समिक्षा गरियो । अधिकांश निर्णयहरु कार्यान्वयन भएको तथा कार्यसम्पादन सन्तोषजनक रहेको पाईयो।

प्रस्ताव नं. २ सेवा प्रवाह सम्बन्धमा ।

प्रस्ताव नं. २ माथि छलफल गरि बडिगाड गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह, विकास व्यवस्थापन, तथा अन्य शासकीय मामिलाहरुको समिक्षा गरियो । सेवा प्रवाहलाई थप सरल, चुस्त, छरितो, र नागरिकमैत्री बनाउन आवश्यक कदमहरु चाल्ने निर्णय गरियो।

प्रस्ताव नं ३ गुनासो व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं ३ माथि छलफल गरि बडिगाड गाउँपालिकाको सेवा प्रवाहको क्रममा सिर्जना भएका गुनासोहरुको थप प्रभावकारी व्यवस्थापन गर्न गाउँकार्यपालिकाको कार्यालय, तथा सम्पुर्ण वडा कार्यालयहरुमा गुनासो पेटिका अनिवार्य राखे निर्णय गरियो ।

२०८२।०१।०३। बुधबार